नेपाल सरकार
अर्थ मन्त्रालय

३. प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिशः

कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारका लागि गर्नु पर्ने कामहरू र लक डाउनका कारण अति प्रभावित हुने श्रमिक तथा निम्न वर्गीय व्यक्तिको दैनिक जीवनयापनलाई सहज वनाउन तथा उद्योगी व्यावसायीहरूलाई निजहरूको उद्योग व्यवसायको संरक्षणका लागि यस अघि कार्यान्वयन गरिएको राहत, करछुट तथा सुविधा कार्यक्रमहरु लकडाउनको अवधि बढ्दै गएकोले पुनरावलोकन गरी थप कार्यक्रमहरू घोषणा गरी कार्यान्वयन गर्न आवश्यक देखिएकोले स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०७७।०१।१४ मा स्वीकृत प्राप्त भएकोले नेपाल सरकार (कार्यसम्पादन) नियमावली २०६४ को अनुसूची-१ को विषय संख्या ७ र ४१ बमोजिम यो प्रस्ताव पेश गरेको छु।

४. निर्णय हुनुपर्ने ब्यहोराः

कोभिड-१९ को कारण प्रभावित क्षेत्रहरूको लागि प्रस्ताव गरिएको देहायको राहत, करछुट तथा सुविधा स्वीकृत गरी कार्यान्वयन गर्ने ।

१. **असंगठित क्षेत्रका दैनिक ज्यालादारी श्रमिक मजदूरका सम्वन्धमा**

(क) असङ्गठित क्षेत्रमा कार्यरत रहि हाल रोजगारी वा काम विहीन भएका श्रमिकलाइ स्थानीय तहमा स्थानीय तह वा प्रदेश वा संघीय कार्यालयवाट सम्पादन हुने सार्वजनिक काममा लगाउने ।यसरी काम वा श्रम गराँउदा निजहरुलाइ दैनिक ज्याला नगद वा खाद्यान्नको रुपमा उपलब्ध गराउने। असङ्गठित क्षेत्रमा काम गर्ने श्रमिकलाइ प्रदान गर्ने राहत मापदण्डको सीमा भित्र रही स्थानीय तहले दैनिक ज्यालादर निर्धारण तोक्ने। काम वापतको ज्याला उपलब्ध गराउँदा स्थानीय तहले त्यस्तो परिवार पहिचान गरी लगत तयार गर्ने। राहत माग गर्ने परिवारका सदस्यलाई सम्बन्धित स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत गराउने। काममा नआउने वा नचाहने व्यक्ति राहत माग गर्न आएमा काममा आउने व्यक्तिले पाएको पारिश्रमिकको २५ प्रतिशतले हुन आउने रकम बराबरको खाद्यान्न मात्र उपलब्ध गराउने। यस सम्वन्धी विधी र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने र सो को लागि आवश्यक सहजीकरण र समन्वय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिलाउने ।

सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय

(ख) खण्ड (क) वमोजिम प्रदान गरिने ज्याला प्रधानमन्त्री रोजगार कार्यक्रम, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, स्थानीय तहका विकास कार्यक्रमहरु र कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार कोषमा रहेको रकम समेतको परिचालन गरी यसको लागत व्यहोर्ने।

(ग) स्थानीय तहवाट वितरण गरिने राहतका लागि स्थानीय तहमा स्थापना भएका कोरोना संक्रमण रोकथाम,नियन्त्रण तथा उपचार कोषमा रहेको रकम उपयोग गर्ने । प्रदेशमा स्थापना गरिने यस प्रकारको कोषबाट पनि उक्त कोषमा रकम उपलब्ध गराउने। स्थानीय तहको कोषमा प्रदेश र स्थानीय तहबाट उपलब्ध गराइएको रकम अपुग हुने भएमा नेपाल सरकारले केन्द्रीय कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट मागको आधारमा क्रमशः सम्वन्धित स्थानीय तहलाई उपलब्ध गराउने।

(घ) यस कार्यमा सहयोग गर्न चाहने गैर सरकारी लगायत संघ, संस्था वा व्यक्तिले स्थानीय तहसँग समन्वय गरी तोकेको क्षेत्रमा मात्र राहत उपलब्ध गराउने।

(ङ) राहत उपलब्ध गराउँदा गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति, वृद्धाश्रममा रहेका वृद्ध वृद्धा, बालगृहमा रहेका बालबालिका र टुहुरा बालवालिकाको लागि स्थानीय तहले संरक्षणको विशेष व्यवस्था गर्ने।

(च) राहत दावी गर्ने व्यक्तिले आफ्नो परिवारको कुनै पनि सदस्य आफ्नै स्वरोजगार नभएको, औपचारिक रोजगारीमा नरहेको र आय आर्जन गर्ने वैकल्पिक उपाय नभएको स्वघोषणा गर्नुपर्ने।

(छ) गलत घोषणा गरी राहत लिइएको पाइएमा त्यस्ता व्यक्तिवाट सरकारी बाँकी सरह असुल गर्ने, राहत पाउनु नपर्ने परिवारले राहत लिएको पाइएमा राहत दिन योग्य भनी प्रमाणित गर्ने सम्बन्धित वडा अध्यक्ष वा सदस्यलाइ समेत जिम्मेवार वनाउने।

**२. औपचारिक क्षेत्रका उद्योग व्यवसाय तथा मजदुरहरूका सम्वन्धमा**

(क) औपचारिक क्षेत्रमा काम गर्ने मजदुरहरूलाई सम्वन्धित रोजगारदाताले बैशाख महिनाको पारिश्रमिकको ५० प्रतिशतले हुन आउने रकम तत्काल उपलब्ध गराई बाँकी ५० प्रतिशत रकम व्यवसाय सुचारु भएपछि क्रमशः भुक्तानी गर्ने व्यवस्था मिलाउने। यस प्रयोजनका लागि समेत उद्योगहरुलाई तरलताको अभाव भएमा बैंक तथा वित्तीय संस्था मार्फत सहुलियत दरमा कर्जा उपलब्ध गराउने र यसमा पुनरकर्जा उपलब्ध गराउन सक्ने व्यवस्था नेपाल राष्ट्र बैंकले गर्ने।

सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय

(ख) पूर्ण रुपमा वन्द भएका पर्यटन क्षेत्रसँग सम्वन्धित प्रतिष्ठानहरूले आफ्ना दैनिक वा मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई २०७७ बैशाख महिनाको तलवको ५० प्रतिशत सम्बन्धित उद्योगले उपलब्ध गराउने र बाँकी ५० प्रतिशत तलव वा ज्याला भुक्तानी गर्न आवश्यक पर्ने रकम अभाव भएमा त्यस्ता व्यवसायीलाई सोहि प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने व्यवस्था मिलाउने। यस प्रयोजनका लागि नेपाल राष्ट्र बैंकले पूनर्कर्जा उपलब्ध गराउने व्यवस्था मिलाउने।

(ग) लकडाउनका कारण तरलताको अभाव भई तलव एवं ज्याला भुक्तानी गर्न असमर्थ भएका ठूला उद्योग प्रतिष्ठानहरुलाई सोही प्रयोजनका लागि उपयुक्त धितो लिई सहुलियतपूर्ण कर्जा दिने व्यवस्था मिलाउने। यसरी कर्जाको सुविधा माग गर्ने उद्योग प्रतिष्ठानले २०७६ पौष महिनामा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पेश गरेको पारश्रमिक भुक्तानीको स्रोतमा करकट्टी गरेको अग्रिम करको विवरण पेश गर्नुपर्ने।

(घ) सामाजिक सुरक्षा कोषमा आवद्ध भएका यस्ता प्रतिष्ठानमा कार्यरत श्रमिक तथा रोजगारदाताहरूको तर्फबाट २०७७ बैशाख र जेठ महिनामा गर्नुपर्ने योगदान रकम असार मसान्तसम्म जम्मा गर्न पाउने व्यवस्था मिलाउने।

३. **आवश्यक खाद्य सामग्रीको आपूर्ती र सेवा प्रवाह सम्वन्धमा**

(क) खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. र साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडले चामल, पिठो, दाल, नून, चिनी, खाने तेल लगायतका खाद्य सामग्रीको हाल कायम रहेको मूल्यमा १० प्रतिशत छुट दिइ बिक्री वितरण गर्ने व्यवस्थालाई लकडाउनको अवधिसम्म निरन्तरता दिने। साथै कृषि उपजको बजार सुनिश्चित गर्ने दृष्टिकोणले समेत उत्पादित आधारभूत खाद्य पदार्थ जस्तै गहुँ, धान, मकै, फापर, कोदो, सिमी, दाल आदि कृषक तथा उत्पादकहरुबाट खरिद गरी बिक्रि वितरण गर्ने व्यवस्था मिलाउने।

(ख) नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले लकडाउन अवधिको इन्टरनेट तथा डाटा प्याकेजमा २५ प्रतिशत छुट दिने व्यवस्थालाई निरन्तरता दिने। निजी सेवा प्रदायकले समेत यस्तो छुट दिने व्यवस्था मिलाउने।

(ग) नेपाल विद्युत प्राधिकरणले मासिक १५० युनिटसम्म विद्युत खपत गर्ने ग्राहस्थ ग्राहकको विद्युत महसुलमा २५ प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिने।



सचिव

मासिक २५० युनिटसम्म विद्युत खपत गर्ने ग्राहस्थ ग्राहकलाई लकडाउनको अवधिभर विद्युत महसुलमा १५ प्रतिशत छुट दिने। लकडाउन अवधिमा बन्द रहेका उद्योगहरुको डिमाण्ड शुल्क छुट वा सहुलियत दिने विषयमा नेपाल विद्युत प्राधिकरणले आवश्यक व्यवस्था मिलाउने।

(घ) विद्युत, खानेपानी, टेलिफोन तथा इन्टरनेटको शुल्कको फाल्गुन देखि जेष्ठ महिनासम्मको महसुल भुक्तानी २०७७ असार मसान्तसम्म बुझाएमा विलम्व वापत लाग्ने जरिवाना तथा अतिरिक्त शुल्क छुट गर्ने व्यवस्था मिलाउने।

(ङ) माग भन्दा बढी उत्पादन भई वचत हुने विद्युत नेपाल विद्युत प्राधिकरणले तोकेको अवधि र समयमा उपयोग गर्ने उत्पादनमूलक उद्योग प्रतिष्ठानहरूलाई सो अवधिमा खपत गरिएको विद्युत महसुलमा ५० प्रतिशत सम्म छुट दिने व्यवस्थालाई लकडाउनको अवधिभर निरन्तरता दिने।

(च) मुलुकका विभिन्न उत्पादन केन्द्रमा उत्पादन तथा संकलन भएका दुध, तरकारी, फलफूल, माछा, अन्डा, मासु तथा खाद्यान्न लगायतका सामाग्री नजिकको वजार केन्द्र वा काठमाण्डौ उपत्यकामा ढुवानी गर्न आवश्यक ढुवानीका साधनको प्रवन्ध गर्ने र स्थानीय तह मार्फत २५ प्रतिशत ढुवानी अनुदान उपलव्ध गराउने व्यवस्थालाई लकडाउनको अवधिसम्मका लागि निरन्तरता दिने। यस सम्बन्धी व्यवस्थाको कार्यान्वयनको समग्र अनुगमन र सहजीकरण कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गर्ने।

४. स्वास्थ्य, शिक्षा सेवा र घरवहालका क्षेत्रमा

(क) कोभिड-१९ रोगको उपचारका लागि प्रयोग हुने औषधी, स्वास्थ उपकरण, स्यानिटाइजार, पञ्जा, Personal Protective Equipment (PPE) को आपूर्ति तथा अस्पतालको क्षमता विस्तार समेतका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई आवश्यकता अनुसार थप बजेट उपलब्ध गराउने। उपचारसँग सम्बन्धित औषधि उपकरण लगायतका सामग्रीहरुको आपूर्तिको लागि सम्बन्धित सबै निकायले सहजीकरण गर्ने।

(ख) संक्रमणको सम्भावना भएका व्यक्तिहरूलाई राखिने सामूहिक क्वारेन्टाइन सञ्चालन एवं क्वारेन्टाइनमा राखिने ब्यक्तिहरूको खाना खर्च संघ, प्रदेश र स्थानीय तहले दोहोरो नपर्ने सुनिश्चित गरी स्वीकृत क्वारेटाइन सम्बन्धी मापदण्ड



सचिव

बमोजिम आवश्यक पर्ने रकम सम्बन्धित निकायलाई उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिने।

(ग) कोभिड-१९ संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचारमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वंयसेविका, स्वयमसेवक तथा सरसफाईमा संलग्न हुने श्रमिक, एम्बुलेन्स चालक तथा प्रत्यक्ष रुपमा संलग्न हुने सुरक्षाकर्मीलाई मिति २०७७ असार मसान्त सम्मका लागि रु २५ लाख सम्मको निशुल्क वीमा/क्षतिपूर्ति दिने व्यवस्था कायम राख्ने। कोरोना उपचारको क्रममा आवश्यक पर्ने व्यक्तिगत सुरक्षा उपकरणहरू निशुल्क उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिने।

(घ) निजी स्वास्थ्य सेवा प्रदायक संस्थालाइ आवश्यक स्वास्थ्य उपकरणको आपूर्तिको सुनिश्चित गरी आफ्ना सवै प्रकारका स्वास्थ्य सेवा सुचारु राख्न र आफ्ना सवै प्रकारको सेवा शुल्कमा असार मसान्तसम्मको विल वमोजिमको रकममा न्यूनतम २० प्रतिशत छुट दिने व्यवस्था मिलाउने।

(ङ) निजी विद्यालयले माध्यमिक तहसम्मको एक महिनाको शुल्क मध्ये आवास शुल्क बाहेक अन्य सवै प्रकारको शुल्क छुट दिने गरी भएको निर्णयको प्रभावकारी रुपमा कार्यान्वयन गराउने। यस्ता विद्यालयहरु सञ्चालनका लागि चालु पुँजीको अभाव हुने भएमा वैंक तथा वित्तीय संस्था मार्फत कर्जा सहजीकरण गर्ने व्यवस्था मिलाउने।

(च) शहरी क्षेत्रमा रहेका असङ्गठित श्रमिकहरूले भुक्तानी गर्नुपर्ने एक महिनाको घरभाडा सम्वन्धित घरधनीलाई मिनाहा गर्न गरिएको अनुरोध कार्यान्वयनको अनुगमन स्थानीय तहले गर्ने। सम्बन्धित घरधनीले लकडाउनको कारण रोजगारी वा काम गुमाएका असङ्गठित वाहेकका अन्य श्रमिकहरुलाई लकडाउन अवधिभर घरभाडा माग नगर्ने र निजहरुले आम्दानी गरे पश्चात् घरबहाल रकम भुक्तानी गर्न पाउने सुविधा प्रदान गर्ने।

## ५. कर सहुलियत तथा छुट सम्वन्धमा

कर छुट

(क) कोविड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण र उपचारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसमा सो मन्त्रालय वा सो मन्त्रालयले तोकेका स्वास्थ्य संस्था वा स्थानहरूमा हस्तान्तरण गर्ने गरी बिभिन्न संघ संस्था, निकाय



सचिव

वा व्यक्तिले सहयोग स्वरुप उपलब्ध गराएका कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि प्रयोग हुने औषधी, स्वास्थ्य सामाग्री र स्वास्थ्य उपकरणमा भन्सार ऐन, २०६४ को दफा २ को खण्ड (म) बमोजिम लाग्ने सम्पूर्ण महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने व्यवस्थालाई जेठ १४ सम्म निरन्तरता दिने।

(ख) भन्सार उपशीर्षक ६३.०७.९०.९० मा पर्ने फेस मास्क, भन्सार उपशीर्षक ३८.०८.९४.०० मा पर्ने सेनिटाइजर र भन्सार उपशीर्षक ४०.१५.११.०० मा पर्ने सर्जिकल ग्लोभ्समा दरवन्दी बमोजिम लाग्ने भन्सार महसुल आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (१) बमोजिम छुट दिने व्यवस्थालाई जेठ १४ सम्म निरन्तरता दिने।

(ग) खण्ड (ख) बमोजिम महसुल सुविधामा पैठारी भएका मालवस्तुमा आपूर्ति गरेको मिति स्पष्ट देखिने गरी स्टिकर टाँस गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको अधिकतम् खुद्रा मूल्य (एमआरपि) भन्दा बढी मूल्य नहुने गरी बिक्री गरेको हुनु पर्ने। साथै, त्यस्ता मालवस्तुको उपयोग, बिक्री वितरण तथा मुल्यको सम्वन्धमा औषधी व्यवस्था विभाग र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागले अनुगमन गर्ने।

(घ) औषधि उत्पादन गर्ने उद्योगले उद्योग विभागको स्किम (उत्पादन क्षमता) अनुसार स्यानिटाइजर उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ इथानोल (Ethanol- C२H५OH) औषधि व्यवस्था विभागको सिफारिसमा स्वदेशी उद्योगहरुबाट खरिद गरी स्यानिटाइजर उत्पादन गरेमा औषधि व्यवस्था विभागले सिफारिस गरेको परिमाणसम्मको इथानोल (Ethanol- C२H५OH) खरिदमा अन्तःशुल्क ऐन, २०५८ को अनुसूची बमोजिम लाग्ने अन्तःशुल्क पुर्णरुपमा छुट दिने ।

(ङ) खण्ड (ख) बमोजिम महसुल सुविधामा पैठारी भएका वस्तु सुविधाको दुरुपयोग गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा आर्थिक ऐन, २०७६ को दफा १८ को उपदफा (४) बमोजिम छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल गरी सो रकम बराबर जरिवाना गर्ने।

(च) खण्ड (ख) बमोजिमको भन्सार महसुल छुट सुविधा मिति २०७७।०२।१४ गते सम्ममा भन्सार बिन्दुमा आइपुगेको वस्तुको हकमा मात्र लागू हुने।

(छ) उद्योगी तथा व्यवसायीहरुको आयात तथा निर्यातको क्रममा रहेका कन्टेनर तथा ट्रकमा लाग्ने डेमरेज तथा डिटेन्सन चार्ज नलाग्ने व्यवस्था गर्ने।

(ज) भन्सार ऐन, २०६४ बमोजिम मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन पाउने म्याद लकडाउन खुल्ला भएको मितिले १५ दिन थप गर्ने।

(झ) खण्ड (क), (ख) र (घ) को सूचना अर्थ मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्ने।

सचिव

आन्तरिक राजस्व तर्फ

आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले देहाय बमोजिम निर्णय गर्नेः

(क) आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी अर्थ मन्त्रालयले देहाय बमोजिम निर्णय गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नेः-

१. मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम २०७६ साल फागुन र चैत्र महिनाको मासिक, २०७६ साल माघ-फागुन महिनाको द्विमासिक र दोस्रो चौमासिक अवधिको मूल्य अभिवृद्धि कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल जेठ २५ गतेसम्म थप गर्ने।

२. मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २५घ. बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि समाप्त भएमा २०७७ साल जेठ २५ सम्म थप गर्ने ।

३. अन्तःशुल्क ऐन,२०५८ बमोजिम २०७६ साल फागुन र चैत्र महिनाको बुझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद २०७७ साल जेठ २५ गतेसम्म थप गर्ने।

४. आयकर ऐन,२०५८ बमोजिम २०७६ साल फागुन र चैत्र महिनाको बुझाउनु पर्ने अग्रिम कर कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल जेठ २५ गतेसम्म थप गर्ने।

५. आयकर ऐन,२०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६/०७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ साल जेठ मसान्तसम्म थप गर्ने।

६. आर्थिक ऐन, २०७६ को दफा ८ को उपदफा (२) बमोजिम २०७६ फागुन र चैत्र महिनाको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको दुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७७ साल जेठ २५ गतेसम्म थप गर्ने।

७. कर अधिकृतले गरेको कर/अन्तःशुल्क निर्धारण उपर चित्त नुबझाई मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क., आयकर ऐन, २०५८ को दफा ११५ र अन्तःशुल्क ऐन, २०५८ को दफा १९ बमोजिम प्रशासकीय पुनरावलोकनको निवेदन दिन पाउने अवधि लकडाउन खुल्ला भएको मितिले १५ दिन थप गर्ने।

सचिव

६. वैंकिङ्ग, वीमा तथा धितोपत्रका सम्वन्धमा

नेपाल सरकार
अर्थ मन्त्रालय

बैंक तथा विदेशी विनिमय तर्फ

(क) लकडाउनका कारणले समस्यामा परेका व्यवसायहरुले बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जाको पुनर्तालिकीकरण र कर्जाको वर्गीकरण यथावत राख्ने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने।

(ख) विद्यमान पूनरकर्जा प्रदान गर्ने क्षमतालाइ विस्तार गरी रु १ खर्व पुऱ्याउने र पुनरकर्जा कोषबाट प्रवाह हुने कर्जाको ब्याजदर घटाउने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने। साना तथा घरेलु उद्योगहरुको सञ्चालनका लागि आवश्यक पर्ने चालु पूँजी कर्जा सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने।

(ग) बैंक तथा वित्तीय संस्थाका कोरोनाबाट प्रभावित ऋणीले २०७६ चैत्र र २०७७ वैशाख मसान्तमा तिर्नुपर्ने साँवा तथा व्याजको भुक्तानी गर्नुपर्ने अवधी औचित्यका आधारमा बढाउने व्यवस्था मिलाउने।

(घ) बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको वर्गीकरण गरी निष्क्रिय कर्जा वापत कायम राख्नुपर्ने कोष लगायतका सुपरिवेक्षकीय र नियमनकारी व्यवस्था २०७७ असार मसान्तसम्म यथावत राख्ने।

(ङ) बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकलाई विद्युतीय माध्यमवाट सेवा प्रदान गर्ने र यस प्रकारको सुविधा दिए वापत अर्को निर्देशन नभएसम्म कुनै प्रकारको थप शुल्क नलिने व्यवस्थालाई निरन्तरता दिने।

(च) कोभिड-१९ को उपचारलाई समेत सहयोग पुग्ने गरी सेवा विस्तार र स्तरोन्नती गर्न चाहने निजी स्वास्थ्य प्रदायक संस्थाहरूलाई प्रवाह गरिने कर्जालाई प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गत समावेश गर्ने व्यवस्थालाई निरन्तरता दिने।

(छ) विदेशमा रहेका नेपाली विद्यार्थीलाई शिक्षा मन्त्रालयको नो अबजेक्सन लेटर नभएपनि जीवन निर्वाहका लागि आवश्यक पर्ने न्यूनतम विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने नीतिलाई २०७७ असार मसान्त सम्म निरन्तरता दिने।

(ज) बैंक तथा वित्तीय संस्थाहरुवाट प्रवाह भएको कर्जाको यस त्रैमासमा वुझाउनु पर्ने ब्याजको व्याजदरमा छुट दिइ ऋणिलाइ राहत दिने व्यवस्था नेपाल राष्ट्र बैंकले मिलाउने।

सचिव

नेपाल सरकार
अर्थ मन्त्रालय

बीमातर्फ

(क) कोभिड-१९ को संक्रमणका कारण सृजना भएको असामान्य परिस्थितिमा वीमा अवधि समाप्त भएको वीमा लेखको हकमा सम्बन्धित वीमितको लिखित अनुरोध (विद्युतीय माध्यमबाट प्राप्त समेत) का आधारमा वीमा लेख नवीकरण गर्ने व्यवस्थालाई लकडाउन अवधि सकिएको मितिले १५ दिनसम्म कायम गर्ने व्यवस्था मिलाउने।

(ख) लकडाउनको अवधि भित्र संकलन गर्नुपर्ने जीवन बीमा प्रिमियम वापतको रकम संकलन गर्ने अवधि २०७७ जेठ मसान्तसम्म थप गर्ने। उक्त अवधिको व्याज नलाग्ने व्यवस्था मिलाउने।

(ग) २०७६ चैत र २०७७ बैशाख महिनामा नविकरण गर्नुपर्ने वीमा अभिकर्ता र सर्भेयरको ईजाजतपत्र नवीकरणको म्याद असार मसान्त सम्म थप गरी सो वापत जरीवाना नलाग्ने व्यवस्था मिलाउने।

(घ) निर्जिवन वीमकले तत्काल सिर्जना हुने दावी भुक्तानीको लागि विद्युतीय माध्यमवाट समेत निबेदन प्राप्त भएमा अवस्था सामान्य भएपछि तत्काल सर्भेयर खटाई क्षति यकिन गरी दावी भुक्तानी गर्ने व्यवस्थालाई निरन्तरता दिने।

धितोपत्रतर्फ

(क) धितोपत्र बजारमा कारोवार गरी राफसाफ गर्न बाँकी रहेकाहरूको हिसाव राफसाफ गर्ने समयावधि २०७७ असार मसान्तसम्म कायम गर्ने।

(ख) धितोपत्र ऐन बमोजिम सूचिकृत कम्पनीले बुझाउनु पर्ने विवरणहरू बुझाउने म्याद २०७७ असार मसान्तसम्म कायम गर्ने।

## ७. प्रशासनिक तथा नियमनकारी क्षेत्रका छुट तथा सहुलियतहरू

कोभिड- १९ को संक्रमणका कारण उत्पन्न जटिल परिस्थितिमा विभिन्न नियमकारी निकायबाट सम्पादन गर्ने कार्य र सो को लागि विभिन्न कम्पनी वा निकायले पेश गर्नुपर्ने विवरण तथा लाग्ने शुल्कको सम्वन्धमा देहाय बमोजिम गर्ने :

(क) कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीले पेश गर्नुपर्ने विवरण वा प्रतिवेदन बुझाउने म्याद २०७७ जेठ मसान्तसम्म कायम गर्ने व्यवस्था मिलाउने। साथै, कार्यालयले माग गरेको विवरण पेश गर्नुपर्ने विवरण पेश गर्ने म्याद पनि सोही समयसम्म कायम गर्ने व्यवस्था मिलाउने।

सचिव

(ख) यातायात तथा सवारी चालक अनुमति पत्र, सवारी साधनको नवीकरण, प्रदूषण नविकरण, रुट परमिट नविकरण गर्ने म्याद लकडाउनको अवधि भित्र परेमा २०७७ जेठ मसान्तसम्म गर्न सक्ने र सो कारणले ढिलो भए वापत बुझाउनुपर्ने शुल्क जरिवाना मिनाहा गर्ने व्यवस्था मिलाउने।

(ग) प्राइभेट फर्म, साझेदारी फर्म, साना तथा घरेलु उद्योग वा वाणिज्य विभाग वा औषधी व्यवस्था विभागमा दर्ता भएका संस्थाहरूको नविकरण अवधि लकडाउनको अवधि भित्र परेमा उक्त अवधि २०७७ असार मसान्तसम्म कायम गर्ने र सो अनुरुप बुझाउनुपर्ने शुल्क/कर विलम्ब दस्तुर सबै मिनाह गर्ने व्यवस्था मिलाउने।

(घ) विद्युत नियमन आयोगले विद्युत महसुल निर्धारणका लागि सञ्चालन गर्ने सार्वजनिक सुनुवाई २०७७ असार मसान्तसम्म स्थगन गर्ने व्यवस्था मिलाउने।

८. अन्य नीतिगत व्यवस्था

(क) असङ्गठित क्षेत्रमा काम गर्ने तर हाल काम विहिन भएका तथा वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिएका तर कोभिड १९ का कारणले वैदेशिक रोजगारीमा जान नपाएका र वैदेशिक रोजगारबाट फर्किएका नेपाली नागरिकलाइ पनि निजहरुको जिल्लागत विवरण स्थानीय तहमा रहेको रोजगार सेवा केन्द्रमा सूचिकृत गरी सार्वजनिक निर्माणका अतिरिक्त प्रधानमन्त्री रोजगार कार्यक्रमसंग आवद्ध गर्दै निजहरुलाइ उत्पादनशील कार्यमा उपयोग गर्ने । यो व्यवस्थालाइ २०७७ असार मसान्तसम्म निरन्तरता दिने ।

(ख) नेपाली कामदारको अवस्थाको सम्बन्धमा जानकारी नियमित रुपमा लिईराख्ने व्यवस्थाका लागि कुटनीति नियोगको भूमिका प्रभावकारी बनाउने र गन्तव्य मुलुकका सरकारसँग यस किसिमको परिस्थितिमा सहजीकरण गर्दै श्रमिकको तलब, सुविधा लगायतका विषयमा कुटनीतिक माध्यमबाट निरन्तर पहल र श्रमिकको अवस्थाको अनुगमन गर्ने।

(ग) कोराना भाइरसको संक्रमणको नियन्त्रणका लागि नेपाल सरकारले लकडाउन गर्ने निर्णय हुन अगाडि सार्वजनिक खरिद ऐन बमोजिम भएका सार्वजनिक खरीद सझौताको म्याद थप गर्न माग गरेमा दुई महिनासम्म थप गर्ने। यसरी म्याद थप गर्दा २०७६ बैशाख महिनामा बैंक ग्यारेन्टीको म्याद समाप्त हुने अवस्था भएमा सो बैंक ग्यारेन्टी जारी गर्ने बैंकले विना थप दस्तुर लक डाउन खुलेको मितिले एक महिनासम्म मान्य हुने गरी म्याद थप गर्ने।



सचिव

(घ) व्यवसायिक क्षेत्रलाई कोभिड- १९ को कारण परेको प्रभावलाई मध्यनजर राखी आवश्यक वस्तुहरुको आपूर्ति, सार्वजनिक निर्माण, आधारभूत सेवाहरुको निरन्तरता र बेरोजगार भएका श्रमिकहरुको व्यवस्थापनका लागि सम्वन्धित निकायले थप आर्थिक क्रियाकलापहरु क्रमशः सञ्चालन गर्दै जाने।

मितिः २०७७।०१।१४

शिशिर कुमार ढुङ्गाना
सचिव